## श्री ५ को सरकार
## स्वास्थ्य मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले मिति २०३६।८।५ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा, प्याथोलजी समूह, रा.प. द्वितीय श्रेणी, पदसंकेत नं.०८।३१, वीर अस्पतालको डा. श्री विजयलाल गुरुवाचार्यलाई सोही सेवा, प्याथोलजी ब्लड बैङ्क समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गरी पदसंकेत नं.०९।९ को केन्द्रीय स्वास्थ्य प्रयोगशालाको सुपरिण्टेण्डेण्ट पदमा पदस्थापन गरेको छ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४१।८।७ को निर्णयानुसार स्वास्थ्य सेवा, जनरल मेडिसियन समूहअन्तर्गत क्लिनिकल ट्रोपिकल मेडिसियन उप-समूह गठन गरी सो उप-समूहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता एम.वी.वी.एस.पछि क्लिनिकल ट्रोपिकल मेडिसियनमा पोष्टग्रेजुयट, डिग्री, डिप्लोमा वा सो सरह कायम गरिएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको का. मु. सचिव

### सूचना ३

श्री ५ को सरकारले मिति २०३९।६।१५ को निर्णयानुसार श्री निर्मलकुमार आचार्यलाई नेपाल स्वास्थ्य सेवा, राजपत्राङ्कित तृतीय श्रेणी प्राविधिक पदमा १ वर्षको परीक्षण कालमा रहने गरी नियुक्ति गरी पदसंकेत ०७।८५ को केन्द्रीय स्वास्थ्य प्रयोगशालाको मेडिकल टेक्नोलोजिष्ट पदमा पदस्थापन गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।